नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
कार्यक्रम कार्यान्वयन एकाइ, झापा

☎:०२३-४५३१८८
E-mail:- pmamp.piu.jhapa@gmail.com
Website: - https://piujhapa.namp.gov.np

पत्र सं.२०८३/०८४
च.नं. :

मिति २०८३/०५/०२

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०३**

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, झापाको चालु आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम झापा जिल्ला भित्रका १६ वर्ष देखी ४० वर्ष उमेर समूहका कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले **२१ औं दिन भित्र** अर्थात् **(मिति २०८३/०५/२३ गते भित्र)** यस कार्यालयमा **अनुसूची -२** अनुसारको ढाँचामा आवेदन तथा **अनुसूची -३** अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव तयार गरि दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु कियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ वर्ष देखी ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | झापा जिल्लाभर | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिमका कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु परियोजनाको वेभसाईटमा राखिएको छ। | • प्रति कार्यक्रम प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म।<br>• स्वीकृत कार्यक्रम प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा सम्पन्न रकमको बढीमा ५० प्रतिशत रकम वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा नियमानुसारको करकट्टी गरि भुक्तानी गरिने छ। |

**पूनश्चः** क) कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु (दफा ४); **अनुसूची -२** अनुसारको ढाँचामा आवेदन दिने फर्मेट र **अनुसूची-३** अनुसारको ढांचामा यस कार्यालयमा प्रस्ताव दर्ता गर्ने फर्मेट यस कार्यालयको **वेभसाईटः** www.piujhapa.namp.gov.np मा अपलोड गरिएको छ । सोही वेभसाईडबाट डाउनलोड गरि फारम भरेर प्रस्ताव दर्ता गराउन सक्नुहुनेछ।

**प्रस्तावना पेश गर्दा संलग्न कागजातहरु:-**

१. कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ मा भएको कार्यक्रम संचालन सम्बन्धी अनुसूची -२ र अनुसूची -३ को ढाँचा बमोजिमको प्रस्ताव।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणका लागि कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता कानूनी रुपमा मान्य हुने पत्रको प्रतिलिपि)।
४. उद्यम वा व्यवसाय सम्वन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
५. गत आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र कारोवार सम्बन्धी अन्य कागजातहरु
६. स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
७. कृषक समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित कृषक समूह/सहकारी संस्थाको सिफारिश पत्र र निर्णयको प्रतिलिपी।
८. सम्बन्धित पालिकाहरुको कृषि विकास शाखा/पशु सेवा शाखाको सिफारिस पत्र ।
९. रु.१० को हुलाक टिकट ।

**सम्पर्क व्यक्तिः**

कृ.अ. श्री सीता खरेल (९८४२६३४८६१)
प्रा.स. श्री मोहन कुमार सिंह (९८४७११३४९३)
प्रा.स. श्री रविन निरौला (९८१७०६०७९२)
कार्यालयको सम्पर्क नं. ०२३-४५३१८८

२०८३/५/२

रविन्द्र सुवेदी
वरिष्ठ कृषि अधिकृत

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

परिच्छेद-२

<u>कार्यक्रम संचालन हुने क्षेत्र र लक्षित वर्ग</u>

<u>४. कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्यश्रृंखलाका क्षेत्रहरुः-</u> यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-श्रृंखला क्षेत्रहरुमा संचालन गरिने छः-

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्रांगारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफुल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्न बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रिन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा संचालन,

(ण) घासबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्रांगारिक कृषि वस्तु निर्यात,

(थ) व्यवसायिक पशुपन्छी, मत्स्यपालन उत्पादन र प्रशोधन

(द) जैविक विषादी, प्रांगारिक विषादी, बनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण,

२०८२/५/०२

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)